का.जि.प्र.का.द.नं. १००/०५९/६०

❒ वर्ष १९, अंक २७१
❒ ९ मंसिर २०७८, बिहीबार
❒ 25 November 2021, Thursday
www.madhyanhadaily.com

पृष्ठ १२ मूल्य रु. ५/-

# मध्यान्ह

Madhyanha National Daily
राष्ट्रिय दैनिक

ई-पत्रिका अनलाइन पढ्नका लागि क्युआर कोड स्क्यान गर्नुहोला।



आत्महत्या समस्याको समाधान होइन,
अमुल्य जीवन त्यसै खेर नफाऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

## गण्डकीमा प्रदेश स्वास्थ्य नीति जारी

# आधारभूत स्वास्थ्य सेवा निःशुल्क

**मध्यान्ह संवाददाता**
पोखरा, ८ मंसिर

गण्डकी प्रदेश सरकारले पहिलो पटक स्वास्थ्य नीति निर्माण गरेको छ । सरकारको मन्त्रिपरिषदको बैठकले गण्डकी प्रदेश स्वास्थ्य नीति, २०७८ जारी गरेको हो । मुख्यतः हरेक स्वास्थ्य संस्थामा स्वास्थ्यकर्मी पुऱ्याउने उद्देश्यका साथ नयाँ स्वास्थ्य नीतिमा 'एक चिकित्सक, स्वास्थ्यकर्मी एक संस्था नीति' अबलम्बन गरिएको स्वास्थ्य तथा जनसंख्या मन्त्री मधु अधिकारीले जानकारी दिइन् ।

मन्त्री अधिकारीका अनुसार यो स्वास्थ्य नीतिले विशेष गरी नेपालको राजनीतिक बाँकी पृष्ठ २ मा

### प्रदेश स्वास्थ्य नीतिका मुलभूत विशेषता

भौगोलिक, सामाजिक, सांस्कृतिक र आर्थिक परिवेशका साथै विद्यमान स्वास्थ्य सेवामा देखिएका समस्या, चूनौती र अवसरलाई मध्यनजर गर्दै सम्पूर्ण नागरिकको स्वास्थ्य सेवामा सहज पहुँच, उपभोग र गुणस्तरियता कायम राख्नका लागि प्रदेश सरकारले देहायबमोजिमका नीतिहरु अवलम्बन गरेको छ ।

- निःशुल्क आधारभूत स्वास्थ्य सेवा, आकस्मिक स्वास्थ्य सेवाको पहुँच बढाइने छ ।
- प्रजनन स्वास्थ्य, बाल स्वास्थ्य, किशोरावस्थाको स्वास्थ्यमा सुधार गरी खोप र पोषण सेवालाई थप प्रभावकारी बनाउँदै लगिनेछ ।
- विशेषज्ञ र विशिष्टिकृत (मुटु, मृगौला, कलेजो, बाँकी पृष्ठ २ मा

# नजर चितवन

"चितवनमा हुने नेकपा एमालेको दशौं महाधिवेशनतिर मुलुकको ध्यान तानिएको छ । प्रतिनिधिसभाको सबैभन्दा ठूलो दल भएकाले पनि एमालेको यो महाधिवेशन राष्ट्रिय चासोमा परेको छ ।

**दिवाकर अधिकारी/मध्यान्ह**
चितवन, ८ मंसिर

प्रतिनिधिसभाको सबैभन्दा ठूलो दल नेकपा एमालेको दशौं महाधिवेशनका लागि चितवन पुग्ने नेता तथा कार्यकर्ता चितवन पुग्ने क्रम बढेको छ । भोलि उद्घाटन हुने महाधिवेशनका लागि आजै एमाले अध्यक्ष एवम् पूर्वप्रधानमन्त्री केपी शर्मा ओली लगायत नेताहरु चितवन आउँदैछन् । महाधिवेशनको तयारीलाई पनि तीव्र पारिएको छ ।

भोलि उद्घाटन हुने महाधिवेशनका लागि नारायणी किनारमा भव्य मञ्च तयार पारिदैछ । एमालेले यो महाधिवेशनमा पाँच लाख बढी मानिस उतार्ने तयारी गरेको छ । बागमती प्रदेशबाट सबैभन्दा धेरै सहभागिता गराउने तयारी गरिएको प्रचार विभाग प्रमुख योगेश भट्टराईले बताए । उनका अनुसार, यो प्रदेशबाट मात्रै तीन लाख सहभागिता हुनेछ । यसबाहेक प्रदेश-२, गण्डकी, लुम्बिनी लगायत प्रदेशबाट जनसहभागिता हुनेछ । खुला राजनीतिमा आएपछि एमालेले तेस्रो पटक एमालेले राजधानी बाहिर महाधिवेशन गर्न लागेको हो ।

भूमिगत समयमा एमालेको महाधिवेशन सप्तरीमा भएको थियो । त्यो चौथौं महाधिवेशनले मदन भण्डारीलाई महासचिव चयन गरेको थियो । झलनाथ खनालले नेतृत्व छोडेर भण्डारी नेतृत्वमा आएपछि मुलुक बहुदलीय राजनीतिक प्रणालीमा गयो । भण्डारीकै नेतृत्वमा बाँकी पृष्ठ २ मा

# मंसिर १५ देखि गोलाप्रथा

## फुलकोर्ट बस्नुअघि नेपाल बार एसोसिएसन र सर्वोच्च अदालत बार एसोसिएसनका अध्यक्षद्वय चण्डेश्वर श्रेष्ठ र पूर्णमान शाक्यसँग न्यायाधीशहरुले छलफल गर्ने ।

**मुकुन्द लामिछाने/मध्यान्ह**
काठमाडौं, ७ मंसिर

सर्वोच्च अदालतमा गोलाप्रथाबाट पेशी तोक्नका लागि मिति तय गर्न बिहीबार (आज) पूर्ण बैठक (फुलकोट) बस्ने भएको छ । बुधबार प्रधानन्यायाधीश चोलेन्द्र शम्शेर जबराबाहेक सर्वोच्चका १८ न्यायाधीशहरुको बैठकले बिहीबार फुलकोर्ट बसेर गोलप्रथा कार्यान्वयनका लागि मिति तोक्ने निर्णय गरेको हो ।



सर्वोच्च अदालत प्रशासनले मंसिर १५ गतेदेखि गोलाप्रथाबाट पेशी तोक्ने सकिने गरी तयारी अगाडि बढाइएको जानकारी न्यायाधीशहरुलाई गराएको छ । सोही अनुसार बिहीबार फुलकोर्ट बसेर गोलप्रथा कार्यान्वयनका लागि मंसिर १५ गते नै मिति तय गर्ने न्यायाधीशहरुको तयारी रहेको छ ।

न्यायाधीशहरूले बिहीबार फुलकोर्ट बस्नुअघि नेपाल बार एसोसिएसन र सर्वोच्च अदालत बार एसोसिएसनका अध्यक्षद्वय चण्डेश्वर श्रेष्ठ र पूर्णमान शाक्यसँग पनि छलफल गर्ने बताइएको छ ।

न्यायाधीश हरिकृष्ण कार्की नेतृत्वको समितिले दिएको प्रतिवेदनलाई कार्यान्वयनका क्रममा गोलाप्रथा लागू गर्न लागिएको हो । प्रधानन्यायाधीश चोलेन्द्र शमशेर जबराविरुद्ध आन्दोलित न्यायाधीशहरुको यसअघि बसेको फुलकोर्ट बाँकी पृष्ठ २ मा

# श्रममन्त्रीको एक्सन : सफलता कि विफलता ?

**मध्यान्ह संवाददाता**
काठमाडौं, ८ मंसिर

श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्री कृष्णकुमार श्रेष्ठ (किसान) बुधबार बिहानै सिनामंगलस्थित होटेल बाल्टिक इन पुगे । ईपीएस पास गरी रोजगारीका लागि दक्षिणा कोरिया जाने तयारीमा रहेका कामदारलाई कोरिया रोजगार संघर्ष समितिको अध्यक्ष बताउने अजय सोडारीले कम्तीमा हप्ता दिन क्वारेन्टिन अनिवार्य बस्नुपर्छ भनी दुई-तीन दिन होटलमा बसेका युवालाई समेत ७ दिनको बसे बराबरको रकम असुली गरेका थिए ।

मंगलबार साँझ खबर पाएका मन्त्री श्रेष्ठ सुरक्षाकर्मी, वैदेशिक रोजगार विभागका अधिकारीसहित बुधबार बिहानै अनुगमनका लागि उक्त होटल गएका थिए । मन्त्री श्रेष्ठको निजी सचिवालयले मंगलबार साँझ कोरिया जान लागेका




शंकर नेपालमार्फत युवाहरुलाई होटलमा बन्धकझैं बनाएर राखेको र युवाहरुबाट रकम असुलेको सूचना पाएको थियो । होटलमा पीडितको गुनासो सुनेपछि मन्त्री श्रेष्ठले बन्धक बनाउने शैलीमा राख्ने र रकम असुल्न खोज्ने कार्यमा संलग्न एजेन्टसहित सबैलाई कारबाही गर्न निर्देशन दिए ।

मन्त्री श्रेष्ठले बन्धक बनाएर फिरौती असुली गर्न खोज्ने भन्दै तत्काल रकम फिर्ता गरिदिन भन्दै सोडारीलाई थर्काए । मन्त्रीले भने, 'इमान्दारपूर्वक क-कस्को कति रकम लिएको छ, सबै फिर्ता गरिदिनु । कोरिया उड्ने दिन एयरपोर्टमा पीडितले कम्प्लेन गरेको खण्डमा सिधै थुनामा जानुपर्ने छ, क्लियर हुनुस् ।'

साथमा मन्त्री श्रेष्ठले वैदेशिक रोजगारीमा जाने क्रममा रहेका युवाहरुसँग उनीहरूले खेप्नुपरेको अनावश्यक तनाव र हैरानीप्रति माफी मागे । मन्त्री श्रेष्ठले भने, 'भाइहरूले अहिलेसम्म जति तनाव लिनुभयो त्यसका लागि मन्त्रीको हैसियतले क्षमाप्रार्थी छु, आगामी दिनमा यस्तो नचाहिँदो तनाव झेल्नुपर्ने छैन ।'

तनहुँ निर्वाचन श्रेत्र नं १ बाट नेपाली कांग्रेसका वरिष्ठ नेता रामचन्द्र पौडेललाई पराजित गरेका श्रेष्ठ मन्त्री भएदेखि नै अत्यन्तै सक्रिय देखिएका छन् । मन्त्री भएको डेढ महिनाको अवधिमा उनले मन्त्रालय मातहतका धेरै कार्यालयको छड्के निरीक्षणसमेत बाँकी पृष्ठ २ मा

कुवेतको प्रतिष्ठित सुपरमार्केटमा वैदेशिक रोजगारको अवसर
Leading Chain Supermarket In Kuwait

कम्पनीको नाम : AL-GHANIM & AL-MAYA GEN.TRAD.CO. W.L.L.

पूर्व स्वीकृत मितिः २०७८/०८/०८ | चलानी नं.: ६०१६८५९४ | L.T. No.: 251862 | शहरः Kuwait

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Stock pickers | 20 | 0 | सम्बन्धित काममा दक्ष | 120 | ४७,०६१ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | ware house helpers | 25 | 0 | | 110 | ४३,१३९ | | | | | | | |
| 3. | Merchandisers | 10 | 0 | | 130 | ५०,९८३ | | | | | | | |
| 4. | Data Operators | 5 | 0 | | 145 | ५६,८६६ | | | | | | | |

प्रि-अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा धमाधम भइरहेको छ ।

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७८ मंसिर १६ र १७ गते (2 & 3 Dec. 2021) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

यसै कम्पनीको लागि Female Waiter, Cashier, Salesman & Sales Advisor Female को पनि माग भएकाले परामर्शको लागि सम्पर्क गर्नुहोला ।

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफ्नु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

SURKHET OVERSEAS PVT. LTD.
Sinamangal-9, Kathmandu, Nepal, Tel: 4473705, 4494457
Gov. Lic No. 1219/074/075
Mobile No.: 9851212203, 9851235143,9808798478, 9818441474, 9851322884, 9841136727
Email: infosurkhetoverseas@gmail.com, info@surkhetoverseas.com

Saudi मा रोजगार | कम्पनीः NAJI NASSAR AL RIFAI CONTRACTING EST.
शहर : RIYADH

पूर्व स्वीकृत मितिः २०७८/०८/०८ | चलानी नं.:६०१६८५७२ | L.T. No.: 251673

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | General Labour | 10 | 0 | सम्बन्धित काममा दक्ष | 1000 | ३१,६६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | General Plumber | 4 | 0 | | 1200 | ३७,९९२ | | | | | | | |
| 3. | General Electrician | 5 | 0 | | 1200 | ३७,९९२ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा २०७८ मंसिर १६ गते (2 December 2021) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जाँदा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

सिपड इम्प्लाईमेन्ट सर्भिस प्रा. लि.
इजाजत पत्र नं. ४५३/०६०/०६१
सामाखुसी, काठमाडौं, नेपाल फोनः ४३६०८३८
Mobile: 981-2552556, 980-3116644

# भक्तपुरका एक इन्जिनियरले सात वर्षपछि पाए न्याय

**दिपेन्द्र श्रेष्ठ/मध्यान्ह**
भक्तपुर, ८ मंसिर

भक्तपुरका एक इन्जिनियरले सात वर्षपछि पुनःउपप्राध्यापक पदमा पुनर्नियुक्ति पाएका छन् । भक्तपुर नगरपालिका १० महालक्ष्मीस्थानका इन्जिनियर कृष्णभक्त दुवालले नेपाल इन्जिनियरिङ कलेज दुवाकोटमा पुनर्नियुक्ति पाएका हुन् ।

दुवाललाई तत्कालिन नेपाल इन्जिनियरिङ कलेजका अध्यक्ष लम्वोदर न्यौपानेले अन्यायपूर्वक बदनियतबस वर्खास्त गरेका थिए ।

बर्खास्तपछि इन्जिनियर दुवालले कलेजमा आफ्नो पुनर्वहालीका लागि निवेदन दिएका थिए भने श्रम अदालतमा



मुद्दा हालेका थिए । उनलाई श्रम अदालतले २०७२ साल पुस ३० गते नै पुनर्नियुक्ति दिन आदेश गरेको थियो । तर कलेजले आदेशको पालना भने गरेको थिएन ।

पछि फेरि २०७८ मंसिर १ गते पनि दुवालले पुनः निवेदन दिएका थिए । सोही निवेदनको आधारमा श्रम अदालतबाट २०७२ पुस ३० गते श्रम ऐन २०७४ को दफा १६७ बमोजिम फैसला अनुसार निजलाई पत्र प्राप्त भएको मितिले ७ दिनभित्र उपरोक्त निर्णय कार्यान्वयन गर्न कलेजलाई आदेश दिएको थियो । श्रम तथा रोजगारी कार्यालयको २०७८ कार्तिक २९ को पत्रबाट निर्देशन भएबमोजिम उनको कलेजमा पुनः नियुक्ति भएको हो ।

दुवाललाई प्राचार्य प्रा.डा. हरिकृष्ण श्रेष्ठले टिका लगाई एक कार्यक्रमबीच पुनः कलेजमा स्वागत गरेका थिए । कलेजका प्राचार्य श्रेष्ठले अन्यायपूर्ण रुपमा निकालिएका एकजना शिक्षकलाई पुननियुक्ति गर्न पाउँदा हर्ष लागेको बताए । एक इमान्दार शिक्षकले धेरै वर्षपछि न्याय पाएकोमा खुसी व्यक्त गरे ।

# नौतले दरबार पुनःनिर्माण अवरुद्ध

**काठमाडौं/मस–** विश्व सम्पदा सूचीमा सूचीकृत हनुमानढोका दरबार क्षेत्रको नौतले दरबार पुनर्निर्माणको काम रोकिएको छ ।



चीन सरकारको सहयोगमा पुनःनिर्माण भइरहेको उक्त दरबार विसं २०७६ चैतपछि गति लिनसकेको छैन । चीनले भूकम्पपछिको पुनःनिर्माणमा सहयोग गर्ने क्रममा नौतले दरबारका लागि सहयोग गरेको थियो । सन् २०२२ मा सक्नेगरी सम्झौता भएको नौतले दरबार पुनःनिर्माण कोरोना शुरु हुनुअघि नै ८० प्रतिशत काम सकिएको पुनःनिर्माणमा प्राविधिक सहयोग गरिरहेको पुरातत्व विभागले जनाएको छ । पुनःनिर्माणका क्रममा परम्परागत सामग्री उपलब्ध गराउने तथा सुपरिवेक्षणको भूमिका पनि विभागलाई नै दिइएको छ ।

हनुमानढोका दरबार हेरचाह अड्डाका कार्यालय प्रमुख सन्दीप खनाल विसं २०७६ चैतअघि नै चिनियाँ नयाँवर्ष मनाउन गएका कामदार कोरोना महामारीका कारण आउन नपाएपछि काममा अवरोध भएको बताए । कोरोना शुरु हुनुअघि नै ८० प्रतिशत काम सकिएको नौतले दरबार पुनःनिर्माणको भौतिक प्रगति अहिले ८५ प्रतिशत रहेको उनले बताए । पछिल्लो समय कोरोना जोखिम कम हुँदै गएपनि नेपाल चीनबीचको उडान नखुलेका कारण कामदार आउन पाएका छैनन् । कामदार आउन नपाए पनि यहाँ गर्न सकिने काम भइरहेको दरबार हेरचाह अड्डाले जनाएको छ । विभागका महानिर्देशक दामोदर गौतम कोरोना शुरु हुनुअघि दातृ राष्ट्रले गरिरहेका काममध्येमा उत्कृष्ट काम छिटोगतिमा भइरहेको बताए । समय अझै बाँकी रहेकाले तोकिएको समयमा काम सम्पन्न गरी दुई देशबीचको सम्बन्धमा थप प्रगाढता आउने उनले बताए ।

# चार महिनामा १५ हजार सवारी कारबाहीमा

**प्रकाश अधिकारी/मध्यान्ह**
तनहुँ, ८ मंसिर



तनहुँमा चार महिनाको अवधिमा झण्डै १५ हजार सवारीसाधनका चालक कारबाहीमा परेका छन् । चालु आवको साउनदेखि कात्तिक मसान्तसम्म १४ हजार ९ सय ५० सवारीसाधनका चालक कारबाहीमा परेका हुन् ।

ट्राफिक नियमविपरीत सवारीसाधन चलाउँदा कारबाही गर्दा एक करोड एक लाख ६४ हजार रुपैयाँ राजश्व संकलन भएको छ । कारबाहीमा पर्नेमा अधिकांश मोटरसाइकल चालक छन् ।

चालु आर्थिक वर्षको पहिलो चौमासिकमा २७ सवारीसाधन दुर्घटनामा परेका थिए । दुर्घटनामा १२ जनाको मृत्यु हुनुका साथै ४० घाइते भएको जिल्ला ट्राफिक कार्यालयका प्रमुख प्रहरी नायब निरीक्षक डोलिन्द्रबहादुर हमालले बताए ।

पृथ्वी राजमार्गमा सवारीसाधन दुर्घटना न्यूनीकरण गर्न तीव्रगति नियन्त्रण गर्नका लागि गत असोज ३ गतेदेखि राडरगनको प्रयोग गरिएको छ ।

ट्राफिक व्यवस्थापनका लागि विभिन्न स्थानमा १४४ थान ट्राफिक कोण, ट्राफिक संकेत र होडिङबोर्ड राखिएको छ । चालु आवमा सवारी दुर्घटना न्यूनीकरण गर्नका लागि ९३ पटक गरी १६ हजार ७१५ थान पर्चा पम्प्लेट वितरण गरिएको छ ।

### नजर...

संयुक्त वाममोर्चा र काँग्रेस सहितले पञ्चाय ती व्यवस्था अन्त्य गरेको थियो ।

पाँचौं महाधिवेशन काठमाडौंमा भयो । काठमाडौंमा भएको पाँचौं महाधिवेशनले फेरि मदन भण्डारी महासचिव र मनमोहन अधिकारीलाई अध्यक्ष चयन गऱ्यो । छैटौं, सातौं र आठौं महाधिवेशन राजधानी बाहिरका शहर बुटवल, नेपालगञ्ज र जनकपुरमा भएको थियो । छैटौं र सातौंबाट माधवकुमार नेपाल महासचिव चयन भए । बुटवलमा भएको महाधिवेशनबाट झलनाथ खनाल अध्यक्ष निर्वाचित भए ।

काठमाडौंमा भएको नवौं महाधिवेशनबाट केपी शर्मा ओली अध्यक्ष निर्वाचित भए । दशौं महाधिवेशनमा उपाध्यक्ष भीम रावलले अध्यक्षमा उम्मेद्वारी घोषणा गरेका छन् । तर ओलीले फेरि दोहोरिने चाहना राखेकाले ओली र रावल बीच प्रतिश्पर्धा हुने संभावना छ । नेताहरुले भने ओलीलाई निर्विरोध अध्यक्ष चयन गर्नुपर्ने बताउँदै आएका छन् । अध्यक्ष बाहेकका पदहरु चासोका साथ हेरिएको छ ।

एमालेले यो महाधिवेशनबाट एक अध्यक्ष, एक बरिष्ठ उपाध्य, चार उपाध्यक्ष, एक महासचिव, एक उपमहासचिव र सात सचिव चयन गर्दैछ । २२५ सदस्यीय केन्द्रीय कमिटी चयन गर्न एमालेमा दुई हजार दुई सय बढी प्रतिनिधि चयन भएका छन् ।

यो महाधिवेशनमा एमालेले नेकपा एकीकृत समाजवादी बाहेकका दलहरुलाई बोलाएको छ । ६० भन्दा धेरै देशबाट प्रतिनिधि आउने तय भएको महाधिवेशनमा भर्खरै एमालेबाट अलग भएका माधवकुमार नेपाल नेतृत्वका पार्टीलाई भने नबोलाउने भएको छ । नेपाल एमालेका संस्थापक र १४ वर्ष पार्टी नेतृत्व गरेका नेता हुन् । एकीकृत समाजवादीमा एमालेकै संस्थापक एवम् १२ वर्ष पार्टी नेतृत्व गरेका झलनाथ खनाल समेत छन् । तर एमालेले यो पार्टीलाई बोलाएको छैन ।

### गण्डकीमा...

परिवर्तनका लागि भएका जनयुद्ध, जनआन्दोलन, मधेश तथा थारुहट आन्दोलनका क्रममा भएका शहिद तथा बेपत्ता, घाइते अपाङ्गता भएका व्यक्ति तथा परिवारको स्वास्थ्यको सुनिश्चित गर्ने उद्देश्यले प्रदेश मातहतका अस्पतालमार्फत निःशुल्क उपचारको व्यवस्था मिलाउने कुरा नीतिमै उल्लेख गरिएको छ । त्यसैगरी आधारभूत स्वास्थ्य सेवालाई नागरीकको मौलिक हकको रुपमा स्थापित गरिसकेको सन्दर्भमा प्रदेशका जनताको स्वास्थ्यसम्बन्धी मौलिक हकलाई सुनिश्चित गर्दे कार्यान्वयन गर्ने दायित्व प्रदेश सरकारको हुने व्यवस्था नीतिमार्फत गरिएको छ ।

संघीयताको मर्मबमोजिम संघ र स्थानीय तहसँग सहकार्य गर्दे समतामुलक गुणस्तरिय स्वास्थ्य सेवा प्रवाहमा आमनागरिकको सर्वव्यापी पहुँच सुनिश्चित गर्ने कार्यको आरम्भ पनि प्रदेश स्वास्थ्य नीतिले गरेको बताइएको छ । स्वास्थ्य बिमा लागु भएका अस्पतालहरुमा सार्वजनिक सुनुवाई कार्यक्रम लागु गरि स्वास्थ्य बिमालाई थप प्रभावकारी बनाउन संयन्त्र निर्माण गरिने कुरालाई नीतिमा जोड दिइएको छ ।

प्रदेशभित्र पाइने विभिन्न जडिबुटीहरुलाई उत्पादन गर्न प्रोत्साहनको नीति लिइएको छ । व्यक्तिको आयआर्जनका लागि पनि जडिबुटी उत्पादन तथा प्रसारणलाई जोडेर लैजाने महत्वपुर्ण विषय नीतिमा राखिएको स्वास्थ्य मन्त्री अधिकारीले जानकारी दिइन् । प्रदेशलाई चाहिने स्वास्थ्यकर्मी तथा विशिष्ट दक्ष जनशक्तिका लागि छात्रवृत्तिको व्यवस्था मिलाईने कुरा नीतिमा उल्लेख छ । गण्डकी प्रदेश पर्यटकहरुको प्रमुख गन्तव्य स्थल भएको अन्तर्राष्ट्रिय पर्यटकीय चिकित्सा केन्द्रको रुपमा स्थापना गर्दे पर्यटकमैत्री स्वास्थ्य सेवा सुनिश्चित गर्ने, किशोरीका लागि आईरनलगायतका आवश्यक तत्वको उपलब्धतालगायतका विषय पनि नीतिमै राखिएको छ । त्यसैगरि सरकारद्धारा एक पालिका: एक ग्रामिण अल्ट्रासाउण्ड कार्यक्रम लागु गरिनेछ ।

### प्रदेश...

क्यान्सर र मानसिक रोग) स्वास्थ्य सेवाको विस्तार गरी गुणस्तरीय सेवामा सबैको पहुँच वृद्धि गर्दै लगिनेछ ।

- मुख, नाक, कान, घाँटी र आँखासम्बन्धी स्वास्थ्य सेवालाई वर्तमान स्वास्थ्य सेवा प्रणालीमा एकीकृत गरी सञ्चालन गरिनेछ। -

- सीप मिश्रित, विशेषज्ञ र विशिस्टीकृत सहितको दक्ष जनशक्तिबाट सेवा दिइनेछ ।

- स्वास्थ्य संस्थामा औषधी, औषधी र चिकित्साजन्य सामग्री तथा भ्याक्सीनको अटुट रुपमा आपूर्तिको व्यवस्था गरिनेछ ।

- एक चिकित्सक र स्वास्थ्यकर्मी, एक संस्था नीति अबलम्बन गरिनेछ ।

- आयुर्वेद तथा वैकल्पिक चिकित्सालाई प्रवर्दन गरिनेछ ।

- गैरसरकारी, निजी, सामुदायिक, सहकारी साझेदारीको अवधारणा अवलम्बन गरिनेछ ।

- स्वास्थ्य प्रणालीमा सुशासन कायम गरिनेछ ।

- स्वास्थ्य योजनालाई तथ्य परक बनाइने छ र योजना बनाउन स्वास्थ्य अनुसन्धानलाई जोड दिइनेछ ।

- पूर्ण डिजिटल अभिलेख र प्रतिवेदन प्रणालीको विकास गरिनेछ ।

- स्वास्थ्य सेवामा लगानी बृद्धि गर्दै स्वास्थ्य उपचारमा नागरिकको व्यक्तिगत खर्च क्रमशः घटाउँदै लगिनेछ ।

- स्वास्थ्य बिमा कार्यक्रमलाई सुद्धिढीकरण गर्दै गुणस्तरीय बनाउदै लगिनेछ ।

- मेडिकल पर्यटनको नीति अवलम्बन गरिनेछ ।

- विपद् तथा महामारीजन्य रोगको नियन्त्रण गर्ने तथा रोकथाम गरिनेछ ।

- मानसिक रोग, नसर्ने रोग, जलवायु परिवर्तनद्वारा सिर्जित रोगको रोकथाम, नियन्त्रण र उपचारका लागि प्राथमिकता दिइनेछ ।

- बढ्दो शहरीकरण, आन्तरिक तथा बाह्य बसाईसराई जस्ता विषयहरुको समयानुकुल व्यवस्थापन गर्दै यस बाट हुने जनस्वास्थ्य सम्बन्धि समस्या समाधान गरिनेछ ।

### मंसिर...

बैठकले गोलाप्रथा कार्यान्वयनमा लैजाने निर्णय गरेको थियो । सर्वोच्च अदालत नियमावली दोस्रो संशोधन सोमबार राजपत्रमा प्रकाशित भइसकेको छ । बिहीबारको फुलकोर्टको निर्णयपछि यो कार्यान्वयन जाने भएको हो ।

सामान्य अवस्थामा प्रधानन्यायाधीशको निर्देशन बमोजिम मुख्य रजिष्ट्रारले फुलकोर्ट बोलाउनुपर्नेमा अहिले प्रधानन्यायाधीश जबराको नेतृत्व अस्वीकार गर्दै आएका न्यायाधीशहरूले फुलकोर्ट बोलाउने निर्णय गरेका हुन् ।

प्रधानन्यायाधीश जबराको राजीनामाको माग गर्दै गत कात्तिक दोस्रो सातादेखि आन्दोलनमा रहेका न्यायाधीशहरु गोलाप्रथाबाट पेशी तोकिने भएपछि शुक्रबारदेखि नियमित सुनुवाइमा फर्केका थिए ।

#### प्रधानन्यायाधीशविरुद्ध मार्चपास

यता प्रधानन्यायाधीश जबराको राजीनामा माग गर्दै बिहीबार (आज) नेपाल बार एशोसिएसनले सर्वोच्च अदालतदेखि बालुवाटारसम्म मार्चपास गर्दै छ । दिउँसो २ बजे सर्वोच्च अदालतदेखि बालुवाटारसम्म मार्चपास गर्ने बारले जनाएको हो । नेपाल बार एशोसिएशनका अध्यक्ष चण्डेश्वर श्रेष्ठले मार्चपासमा नागरिक समाजका सदस्यहरु समेत संलग्न रहने जानकारी दिए । उनले प्रधानन्यायाधीश जबरा बालुवाटारका कारण लुकेर न्यायालय आउने गरेको भन्दै अब सर्वोच्चदेखि बालुवाटारसम्म मार्चपास गर्न लागिएको स्पष्ट पारेका छन् ।

नेपाल बारले पूर्व निर्धारित अन्दोलनका कार्यक्रम अनुसार बुधबार देशभरका उच्च अदालतमा विरोधसभा गरेको थियो । चौथौ चरणको आन्दोलन अन्तर्गत सबै उच्च अदालतमा केन्द्रबाटै प्रतिनिधि पठाएर नेपाल बारले विरोधसभा गरेको हो ।

उच्च अदालत पाटनमा बारका अध्यक्ष चण्डेश्वर श्रेष्ठ, कोषाध्यक्ष रुद्रप्रसाद पोखरेल र केन्द्रीय सदस्य प्रकाश महर्जनले नेतृत्व गरेका थिए । उच्च अदालत जनकपुरमा महासचिव लीलामणि पौडेल तथा पूर्वउपाध्यक्ष विनोद शर्मा र सुरेन्द्रकुमार महतोले नेतृत्व गरेका थिए ।

इलाम उच्च अदालतको विरोधसभालाई बारका पूर्वउपाध्यक्षद्वय कुमार शर्मा आचार्य र मदन खड्का तथा केन्द्रीय सदस्य खिमानन्द अधिकारी, धनकुटा उच्च अदालतमा उपाध्यक्ष मानबहादुर रुम्दाली र पूर्वकोषाध्यक्ष मोहन इङ्नामले नेतृत्व गरेका थिए ।

कात्तिक ९ गते नेपाल बारले प्रधानन्यायाधीशको राजीनामा माग गर्दै आन्दोलन थालेको थियो । कार्यपालिकासँग नियुक्तिमा भाग मागेको, सहमति कार्यान्वयन नगरेको, बिचौलियालाई प्रश्रय दिएको लगायतको आरोप लगाउँदै बारले प्रधानन्यायाधीशविरुद्ध आन्दोलन गरिरहेको छ ।

### श्रममन्त्रीको....

गरिसकेका छन् । निरीक्षणमा गएका सबै कार्यालयमा सेवाग्राहीको गुनासो सुनेपछि उनले तत्काल सुधारको आश्वासन दिने गरेका छन् ।

वैदेशिक रोजगार कार्यालय ताहाचलमा आश्वासन अनुसार सुधारको काम शुरू भएको दाबी मन्त्री श्रेष्ठको निजी सचिवालयले गरेको छ । मन्त्रीले चासो दिँदा ठगीबाट कसरी बचिने रहेछ भनी बुधबार कोरिया जाने तयारीमा रहेका युवाले पनि सुखद अनुभुति गरे । सुशासनको अभाव रहेको मुलुकमा मन्त्री नै उपस्थित भई असुविधाप्रति क्षमायाचना गर्नु विरलै देखिने घटनाको रूपमा धेरैले सामाजिक सञ्जालमा टिप्पणी गरेको र मन्त्री श्रेष्ठको कार्यशैलीको खुलेर प्रशंसासमेत गरेका छन् ।

सँगसँगै कतिपयको टिप्पणी भने केही फरक देखिएको छ । उनीहरूले सुझाव दिँदै भनेका छन्, 'राजधानी लगायत देशैभरी ठगीका यस्ता घटना अनगिन्ती छन् । त्यसका लागि मन्त्री एक्लै कुदेर हुँदैन । राजस्व अनुसन्धान विभाग जस्तो कर्मचारी र प्रहरीसहितको बलियो र इमानदार टिम चाहिन्छ । स्थायीरूपमा परिणाम देखाउन मन्त्री आफू एक्लै कुद्नु भन्दा बलियो संरचनामा ध्यान दिन जरुरी छ ।'


**कम्पनीको नाम परिवर्तन भएको सूचना**

**दोस्रो पटक प्रकाशित मितिः २०७८/०८/०९**

निश्चल मिडिया एण्ड प्रेस प्रा. लि. को मिति २०७८/०७/१७ को विशेष साधारण सभाले कम्पनीको नाम परिवर्तन गर्ने सम्बन्धमा विषेश प्रस्ताव पारित गरी कम्पनीको नाम नेपाल ईन्फोटिक प्रा. लि. कायम गर्ने निर्णय गरेकोमा श्री कम्पनी रजिष्ट्रारको कार्यालयबाट समेत मिति २०७८/०७/२५ को निर्णयबाट साविक कम्पनीको नाममा रहेको सम्पुर्ण चलअचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर, दायित्व आदि परिवर्तित कम्पनीले सकार्ने व्यहोर्ने शर्तमा उक्त नाम परिवर्तन गर्न स्विकृति प्रदान गरेको हुँदा उक्त निश्चल मिडिया एण्ड प्रेस प्रा. लि. नाम परिवर्तन भई **नेपाल ईन्फोटिक प्रा. लि.** कायम हुन गएको व्यहोरा सम्बन्धित सबैलाई यसै सूचनाद्वारा जानकारी गराइन्छ ।

**अध्यक्ष**
**नेपाल ईन्फोटिक प्रा. लि.**
**निश्चल मिडिया एण्ड प्रेस प्रा. लि.(साविक)**

**Vacancy Announcement**

*We are looking for Smart, Energetic, presentable & Dynamic Candidates for following job position:*

**Manager - 1 (Male)**
**P.R. Officer - 5 (M/F)**
**Documentation - 2 (Female)**
**Reception - 1 (Female)**
**Office Girl - 1**

**Experience:** Candidates must have minimum 2 years of experience in related field. **SALARY: NEGOTIABLE**

**Excellent Manpower** Services Pvt. Ltd
Govt.Lic.No. 1328/074/075
Sinamangal-09, Manpower Bazar, Kathmandu
Tel.: 4485517, 6924454, Mob.: 9802055866
Email: pro1excellentmanpower@gmail.com

**मोटरसाइकल हराएको सूचना**

मिति २०७८/०८/०६ गते अ. १४:०० बजे का.जि. बुढानिलकण्ठ नगरपालिका वडा नं. १० सालाक्ने स्थित सडक खण्डमा पार्किङ गरेर राखेको ठाउँबाट बा. ९ प. ०२-०७० प ०४६० नम्बरको निलो रंगको २२० सि.सि बजाज मोटरसाइकल हराएको हुँदा पाउनु हुने वा देख्नुहुने महानुभावहरुले नजिकैको प्रहरी कार्यालय वा तलको ठेगानामा सम्पर्क गरिदिनु हुन विनम्र अनुरोध गर्दछु ।

सवारी धनी: जिन प्रसाद पोखरेल
ठेगाना: तामाकोशी-०४, दोलखा
च्यासिस नं: MD2A13EX8MCE88807
इन्जीन नं : DKXCMD09492
सम्पर्क : 9851074339

**कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना**

प्रथम पटक प्रकाशित मिति २०७८/०८/०१
यस कम्पनीको मिति २०७८/०७/२० मा सम्पन्न एकल शेयरधनीको बैठकको निर्णय बमोजिम साविक कम्पनी **बिज यु.के. नेपाल एजुकेशनल कन्सल्टेन्सी प्रा.लि.** (प्रा.लि. नं. १७२७०) को नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ती तथा तिर्न पर्ने कर दायित्व आदी परिवर्तित कम्पनीले तिर्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०७८/०८/०७ को निर्णयानुसार कम्पनीको नाम परिवर्तन गरी **बिज एजुकेशनल कन्सल्टेन्सी प्रा.लि.** कायम गरिएको व्यहोरा यसै सूचनाद्वारा जानकारी गराईन्छ ।


**बोलपत्र स्वीकृतीको आशयको सुचना**

**(मितिः२०७८/०८/०९)**

यस कार्यालयको मिति २०७८/०७/२६ र २०७८/०८/०५ मा खोलिएका तपसिलमा उल्लेखित आयोजना, बोलपत्रदाताको बोलपत्र न्युनतम र सारभुतरुपमा प्रभावग्राही भएकोले सार्वजनिक खरिद ऐन २०६३ को दफा २७(२) बमोजिमनिजले पेश गरेको बोलपत्र स्वीकृत गर्ने आशयको सुचना प्रकाशित गरिएको छ। यस सुचनामा दावीविरोध गर्न चाहने बोलपत्रदाताहरुले ऐनको दफा ४७ अनुसार यस कार्यालयमा निवेदन दिनुपर्नेछ अन्यथा दफा २७(३) अनुसार खरिद प्रक्रिया अगाडि बढाइने व्यहोरा सम्बन्धित सबैलाई जानकारी गराईन्छ ।

| S. N. | Name of Road | Lowest & Responsive Bidder | Bid Price (With VAT & PS) NRs. | IFB No |
|---|---|---|---|---|
| 1 | Construction of Naspatibot aiseluchaur daregauda darsinge sadak, Namobudhha 9 | Dharma s/Greentara JV,Kathmandu | 14152209.23 | 07-IDOKAVRE /2078/079 |
| 2 | Shambhawana Chowk Road, Madhyapur Thimi-07, Bhaktapur | ABS/BP-JV, Dhulikhel, Kavre | 15,22,820.65 | 20-IDOKAVRE/ 2078/079 |
| 3 | Shadananda Marga Kalopatre Tatha Dhal Nirman, Suryabinayak-05, Bhaktapur | Ko Mhendo Builders Pvt. Ltd., Pepsicola, Kathamandu | 32,66,973.41 | 21-IDOKAVRE/ 2078/079 |
| 4 | Bappa Shiwatol Sadak,Madhyapur Thimi-4, Bhaktapur | Om Shakti Nirman Sewa, Sindhupalchowk | 22,39,482.85 | 22-IDOKAVRE/ 2078/079 |
| 5 | Redcross Dekhi Banglamukhi Mandir Samma Sadak Starunnati, Suryabinayak -2, Bhaktapur | ABS/Royal Himalayan JV, Dhulikhel, Kavre | 37,68,980.74 | 23-IDOKAVRE/ 2078/079 |
| 6 | Construction of Balkot ko Panitanky dekhi Gamcha samma bato storranti Su.Na.Pa -4, Bhaktapur | D Laligurans Nirman company Pvt. Ltd. Bhaktapur | 11,59,963.64 | 24-IDOKAVRE/ 2078/079 |
| 7 | Construction of Thimi Gamcha Tarkhel Aanantlingeshwor Lamatar Road, Bhaktapur | Mahavir Nirman Sewa Pvt. Ltd., Lalitpur | 8,07,762.70 | 25-IDOKAVRE/ 2078/079 |
| 8 | Construction of Suryabinayak Na. Pa.1 wada karyalaya bata Thapagau jane sadak staronnati, Bhaktapur | ABS/BP-JV, Dhulikhel, Kavre | 19,69,539.59 | 26-IDOKAVRE/ 2078/079 |
| 9 | Construction of Puchhari Aashapuri sakha road, Kavrepalanchok | Nabodita Construction Pvt. Ltd., Kavre | 14,10,955.17 | 27-IDOKAVRE/ 2078/079 |
| 10 | Construction of Panchkhal Palanchowk Bhagwati Koshidekha Timalbeshi Thuo Parsel Road, Kavrepalanchok | Moktan Mani Construction, Kavre | 12,59,906.88 | 28-IDOKAVRE/ 2078/079 |
| 11 | Construction of Jhimtigau dekhi Thadakhola Motorbato, Panauti Na. Pa. 3, Kavrepalanchok | Basdol Nirman Sewa and suppliers, Kavre | 12,61,445.75 | 29-IDOKAVRE/ 2078/079 |
| 12 | Construction of Malpi Gagal Kalati Simpani Pokharidanda Parthalibhanjhyang Road, Kavrepalanchok | A.L. is Well construction Pvt. Ltd. Bhaktapur | 25,86,335.2 | 30-IDOKAVRE/ 2078/079 |
| 13 | Construction of Kuntabeshi Pauwatar Jaimane salthadi Sadak , Kuntabeshi Jaimane salthadi Sadak, Intabeshi Paunatar Jaimane salthadi Sadak Mandandeupur | T.S.N. Construction Pvt. Ltd, Kathmandu | 3918587.54 | 31-IDOKAVRE/ 2078/079 |
| 14 | Construction of Dhulikhel Panauti road | Janak Nirman Sewa-075, Argakhanchi | 3424441.45 | 32-IDOKAVRE/ 2078/079 |
| 15 | Construction of Aspatal Marg ra Sahayak aspatal marg sadak storannti, Banepa 5 | Success Construction and developers, Kathmandu | 20,09,304.83 | 33-IDOKAVRE/ 2078/079 |

**कार्यालय प्रमुख, पुर्वाधार विकास कार्यालय,काभ्रे**

## इटहरीका जनप्रतिनिधिलाई नगरवासीको प्रश्न

# खोइ स्मार्ट पार्किङ, कहिले बन्ने आकाशे पुल ?

**तेजबहादुर बन/मध्यान्ह**
इटहरी, ८ मंसिर





अघिल्लो वर्ष नै निर्माण कार्य सम्पन्न भइसक्नुपर्ने इटहरीका तीन ठूला विकासका योजनाहरू अहिले कागजमै सिमित बन्न पुगेको छ । गत आर्थिक वर्ष २०७४/०७५ को बजेट तथा नीति कार्यक्रममै परेको स्मार्ट पार्किङ र आकाशे पुल निर्माण जस्ता अरबौंको ठूला विकासका योजनाहरू कार्यान्वयनको अभावमा लथालिङ्ग बन्न पुगेको हो ।

पछिल्लो २ वर्ष कोरोना कहरका कारण रोकिएको अरबौं लगानीका तीन ठूला योजनाहरू यो वर्षपनि कार्यान्वयन नभएपछि नगरवासीहरू जनप्रतिनिधिहरूप्रति रुष्ट बनेका छन् । विकासका प्रश्नहरू तेर्स्याउँदा राजनीतिक तरलता, कोरोना कहर र बजेट अभावको कारण देखाउँदै जनपतिनिधिहरू तर्किने गरेका छन् ।

युवा पुस्ताले चाहेको इटहरी शहरभित्र आकाशे पुल निर्माणको योजना ३ वर्ष अघि नै शुरू भएको थियो । तर खटिएका इञ्जिनियरले नक्सानै गलत कोरेपछि रोकिएको काम अहिलेसम्म त्यतिकै रहेको छ । बीचमा ६ लेन राजमार्ग विस्तारको योजनाले प्राथमिकता पाएपछि हजारौं युवाहरूको सपना आकाशे पुल त्यतिकै तुहिन पुगेको छ । आकाशे पुलका निर्माता तथा योजनाकार प्रदेश एकका सांसद सर्वध्वज साँवा अब तत्काल इटहरीका यो योजना नबन्ने बताउँछन् ।

६ लेन राजमार्ग योजना सकिएपछि फेरि सुरूबाटै डिपीआर गरी पुनः अर्को नक्सा बनाएर मात्रै काम थाल्नुपर्ने हुँदा तत्काल इटहरीमा आकाशे पुलको योजना अघि नबढ्ने प्रदेश सांसद साँवाको भनाइ छ । उनले ढिलै भएपनि इटहरीवासीको सपना आकाशे पुल यहि शहरमा आफ्नै पालामा बनाएर देखाउने प्रतिबद्धता जाहेर गरे ।

इटहरीमा ट्राफिक व्यवस्थापनलाई सहज बनाउन र सहरी सौन्दर्यका लागि सांसद साँवाले मुख्य चोकमा आकाशे पुल निर्माणको योजना प्रदेश सरकार समक्ष पेस गरेका थिए । त्यस्तै बढ्दो शहरीकरणसँगै सवारी चापलाई मध्यनजर गर्दै इटहरी शहरभित्रै स्मार्ट पार्किङ निर्माणको योजना ल्याइएको थियो ।

सुरूवाती समयमा चर्चा चलेपनि उक्त योजना कार्यान्वयन हुन नसक्दा अहिले कागजमै सिमित हुन पुगेको छ । ६ लेन राजमार्गको निर्माणसँगै सडक फराकिलो हुँदा पार्किङ अभावले सर्वसाधरणदेखि सवारीधनिहरू मर्कामा पर्दै आएका छन् । बढ्दो शहरीकरणसँगै सवारीसाधनको चापले पार्किङ समस्या भएको विषयलाई मध्यनजर गर्दै उपमहानगरले देशकै पहिलो स्मार्ट पार्किङ निर्माण गर्ने योजना ल्याएको थियो ।

सो योजनालाई संघीय सरकारले समेत पारित गर्दै समपुरक योजनाअन्तर्गत पाँच करोड २० लाख रुपैयाँ रकम विनियोजन गरेको थियो । तर अवसरको फाइदा उठाउन नसक्दा उपमहानगरले पाएको रकम गत वर्ष नै फ्रिज हुन पुगेपछि सो योजना पनि लथालिंग बन्न पुगेको छ ।

इटहरी ४ टयाङग्रा खोला उत्तरपूर्व अधिकारी मेडिकल हल छेउमा रहेको दुई कट्ठा जग्गामा ६ तलाको स्मार्ट पार्किङ बनाउने योजना उपमहानगरले अघि बढाएको थियो ।

गत वर्ष नै निर्माण सम्पन्न भइसक्ने भनिएको स्मार्ट पार्किङको योजनाका लागि संघीय सरकारबाट प्राप्त करोडौं रकम फिर्ता भएसँगै काम रोकिएको इटहरी उपमहानगरबाट बुझिएको छ ।

यता निर्माण गर्ने भन्दै योजना जति कागजमै सिमित बनाएको भन्दै इटहरीका जनप्रतिधिहरूलाई नगरवासीहरूले सामाजिक सञ्जालमार्फत गिज्याउन थालेका छन् । स्थानीय चिया पसलहरूमा पनि यहि विषयले चर्चा पाउन थालेको छ ।

यता यस विषयमा इटहरी उपमहानगरको उपमेयर लक्ष्मी गौतमसँग कुरा राख्द उनले भनिएका योजनाहरू समयमै पूरा नभएको स्वीकार गरिन् । तर योजना बनाइसकेपछि काम पनि भएर छोड्ने उनको भनाइ छ । तत्काल नभएपनि केहि समय पश्चात निर्माण कार्य अघि बढ्ने उपमेयर गौतमले बताइन् ।


## प्रधान सेनापति र राजदूत ओसवाल्डबीच भेट



**काठमाडौं/मस**-प्रधान सेनापति प्रभुराम शर्मा र स्वीट्जरल्याण्डका राजदूत एलिजाबेथ भोन क्यापेलर ओसवाल्ड बीच भेट भएको छ ।

बुधबार जङ्गी अड्डामा शिष्टाचार भेटघाट भएको हो । प्रधान सेनापति शर्माको कार्यकक्षमा भएको उक्त भेटवार्तामा दुई पक्षीय आपसी हित तथा पारस्परिक सम्बन्धका विषयमा छलफल भएको थियो । यस किसिमको भेटघाटले दुई देशबीचको आपसी सम्बन्ध सुमधुर एवं प्रगाढ बनाउन थप मद्दत पुग्ने विश्वास नेपाली सेनाले लिएको जनाएको छ ।


## हार्दिक श्रद्धाञ्जली



जन्म मिति
वि.स. २००९/०७/०८

स्वर्गारोहण मिति
वि.स. २०७८/०८/०८

**स्व. भिमकान्त रेग्मी**

हाम्रा सहकर्मी, पत्रकार मुक्तीबाबु रेग्मीको पुजनिय पिता
**भिमकान्त रेग्मी**
को २०७८ मंसिर ०८ गते असामयिक निधन भएको खबरले हामी मर्माहित भएका छौं । यस दुःखद् घडिमा परिवारजन, इष्टमित्र, बन्धु वान्धवमा धैर्य धारण गर्न सक्ने शक्ति भगवानबाट प्राप्त होस् साथै दिवङ्गत आत्माको चिर शान्तिको कामना गर्दै स्वर्गमा बास होस् भनी
हार्दिक समवेदना अर्पण गर्दछौं ।

सीतादेवी श्रेष्ठ — प्रकाशक
मदनकुमार श्रेष्ठ — सम्पादक
तथा
मध्यान्ह दैनिक
परिवार



## Qatar मा बैदेशिक रोजगारको अवसर

१. कम्पनी: **ALMANA AND PARTNERS, Doha, Qatar** — पूनः विज्ञापन

पूर्व स्वीकृती मिति २०७८।०३।०१ — चलानी नं. ६०१५८७४१ — LT.No. 240026

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | न्यूनतम योग्यता | मासिक तलव QR | मासिक तलव ने.रु | हप्तामा कामगर्ने दिन | दिनमा कामगर्ने घण्टा | ओभर टाईम सुविधा | वार्षिक विदा | खाना सुविधा | बस्न सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Storekeeper | 01 | काममा दक्ष | 1400 | ४५,८७०।- | ६ दिन | ८ घण्टा | कं. नि. अनुसार | | छ | छ | २ वर्ष |

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले दिने र कति लाग्ने | रोजगार कम्पनीले मेडिकल खर्च दिने/नदिने | स्वदेशमा गरिने बीमा कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बीमा हुने/ नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भीषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखीकरण तालिम शुल्क | कल्याणकारी कोष यवस्था | सेवा शुल्क तथा जम्मा खर्च |
|---|---|---|---|---|---|---|---|---|
| कामदार आफै | दिने | कामदार आफै | हुने रोजगारदाता कम्पनीले | निःशुल्क | निःशुल्क | कामदार स्वयं रु. ७००।- | कामदार स्वयं रु. १,५००।- | निःशुल्क |


**फाइनल अन्तर्वार्ता २०७८ मंसिर १६ गते (2 Dec., 2021) मेनपावर कार्यालय धुम्बराहीमा हुनेछ ।**

**बैदेशिक रोजगार विभागवाट गराईएको जानकारी** :- (१) आफ्नो नाममा भिषा प्राप्त भई जाने निश्चित भएपछिमात्र कम्पनीमा गई रकम बुभाउनु होला । बुझाएको रकमको भर्पाई अनिवार्य रुपमा लिनु होला । (२) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोस । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । (३) यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनु होला । (४) विदेश जानु अघि अभिमुखीकरण वा इण्डक्सन तालीम अनिवार्य लिनु होला । (५) विदेश जानु अघि आफू जाने मुलुक, काम दिने कम्पनी,पाउने सेवा, सुविधा र अन्य शर्त बारे राम्ररी पढेर मात्र सम्भौतामा हस्ताक्षर गर्नु होला । सो को १ प्रति आफूसंग राख्नु होला । (६) काममा बिदेश जांदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला । अन्यथा ठगिने सम्भावना हुन्छ । (७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परे बैदेशिक रोजगार विभाग, बुद्धनगर बानेश्वरमा सम्पर्क राख्नु होला ।

श्रम इजाजत नं. ३४८/०५९/६०

**न्यू गोर्खाज इण्टरनेशल प्रा. लि.**
पो.ब.नं. ५६४५, धुम्वाराही, काठमाण्डौ, नेपाल, फोन नं.:-४४४०८९५/४४४४९२८/४४४४९२७


## पत्रकार रेग्मीलाई पितृ शोक



**काठमाडौं/मस-** पत्रकार मुक्तिबाबु रेग्मीलाई पितृ शोक परेको छ । पत्रकार रेग्मीका पिता भिमकान्त रेग्मीको ६९ वर्षको उमेरमा बुधबार बिहान साढे ९ बजे निधन भएको हो ।

लामो समयदेखि दमको समस्याबाट ग्रसित रेग्मीको उपचारका क्रममा नेपालगञ्ज मेडिकल कलेजमा निधन भएको हो । दाङको बिजौरीमा जन्मिएका रेग्मी लामो समय शिक्षण पेशामा संलग्न थिए । उनको बुधबार नै दाहसंस्कार गरिएको साइला छोरा पत्रकार मुक्तिबाबुले जानकारी दिए ।रेग्मीका श्रीमती र चार छोरा रहेका छन् ।

## सहयोगको याचना गर्दै ट्युमरबाट पीडित निरौला



**काठमाडौं/मस**-बाल्यकालदेखि नशाको गम्भीर ट्युमर रोगसँग लड्दै आएकी कुमारी निरौलाले सहयोगको अपिल गरेकी छिन् । पाँचथर आँमचोककी २५ वर्षीया निरौलाले उपचारको लागि आर्थिक सहयोगको अपिल गरेकी हुन् ।

रिपोर्टर्स क्लब नेपालमा पत्रकार सम्मेलन गरेर निरौलाले बढ्दै गइरहेको ट्युमरको दोस्रोपटक शल्यक्रिया गर्नको लागि १० लाख लाग्ने भएकोले सहयोग गर्न अपिल गरिन् । उनको हाल त्रि.वि शिक्षण अस्पतालमा उपचार भइरहेको छ ।

निरौलाले यसअघि पनि शल्यक्रिया भइसकेको हुनाले अब दोस्रोपटक हुन लागेको शल्यक्रियाको लागि आफुसँग एकरुपैयाँ नभएको बताइन् । उनले भनिन्,'मेरो आर्थिक अवस्था कमजोर छ मलाई सपोर्ट गर्नुहोस् ।' उनले लामो समयदेखि उपचार गर्दै आएकोले आफ्नो आर्थिक अवस्था अत्यन्तै कमजोर हुँदै गाएको बताइन् । उनले पर्याप्त रकम अभावको कारण उपचारमा अत्यन्तै कठिनाई भएको सुनाइन् ।

'जन्मजात मेरो गालाको दाग बढ्दै गयो । नशाको ट्युमरको रुपमा विकास भएको दागको उपचारका क्रममा काठमाडौं आएकी छु । परिवारको आर्थिक अवस्था कमजोर छ । त्यसैले ठूलो खर्च लाग्ने ट्युमरको उपचार गर्न नसक्ने अवस्थाकी छु ।' निरौलाले भनिन् ।

'एकैचोटी मात्र नभएर धेरै पटक अपरेसन गर्न पर्ने भएको छ, तर मसँग पर्याप्त रकम छैन् ।' उनले तत्कालै उपचार गर्न खर्च नभएको भन्दै सबैलाई सहयोग गर्न आग्रह गर्दै निरौलाले भनिन्,' तपाईहरु सबैले मलाई आर्थिक सहयोग गरेर नयाँ जीवन दिनुहोस्, मेरो उपचार गर्न पाए भने यहाँहरुसँग म फेरि आउनेछु । मलाई माया गरिदिनुहोस,सर्पोट गरिदिनुहोस् ।'

उनको जन्मजात नै कोठी आएको थियो । पछि कोठी बढ्दै गएर नशाको ट्युमर भएपछि आफुलाई निकै गाह्रो भएको गुनासो पोखिन् । उनी हाल आश्रय लिएर आफन्तकोमा इलाममा बस्दै आएकी छिन् ।

सामाजिक अभियन्ता सबिना बरालले उनका आमा, बुवा दुवैजना अशक्त रहेको जानकारी दिइन् । भएको एउटा भाई पनि मानसिक रागी भएको उनले बताइन् ।

कार्यक्रममा निरौलाले आफुलाई सहयोग गर्नको लागि ९८४९७५४०७१ मा सर्म्पक गर्न पनि आग्रह गरेकी छिन् । त्यस्तै, उनले सहयोगको लागि नेपाल एसबीआई बैंक मधुमल्ला शाखा झापामा रहेको खाता नम्बर २५०१५२४३४००१३७ पनि दिएकी छिन् ।

# स्थानीय तहबाटै सामाजिक सुरक्षा भत्ता वितरण गर्न माग

**तरुणा जोशी/मध्यान्ह**
बझाङ, मंसिर ८ गते



स्थानीय तहले बैंकमार्फत सामाजिक सुरक्षा भत्ता वितरण गर्न थालेपछि बझाङका ग्रामीण क्षेत्रका लाभग्राहीलाई सास्ती हुने गरेको छ ।

सामाजिक सुरक्षा भत्ता वितरणमा अनियमितता हुन थालेपछि सबै स्थानीय तहले सामाजिक सुरक्षा भत्ता वितरणमा बैंकिङ प्रणाली अपनाएका छन् । सामाजिक सुरक्षा भत्ताका लागि बैंक खाता खोल्न र भुक्तानीका लागि बैंक पुग्नु परेपछि ज्येष्ठ नागरिक, एकल महिला र अपांगता भएका व्यक्तिले सास्ती भोग्नु परेको छ । जिल्लाका १२ वटा स्थानीय तहमध्ये साईपाल गाउँपालिकामा मात्र बैंक स्थापना भएको छैन । साईपाल गाउँपालिकाले तल्कोट गाउँपालिकामा रहेको एभरेष्ट बैंक र सदरमुकाम चैनपुरबाट कारोबार गरिरहेको छ । बैक खाता अनिवार्य गरेपछि बुङगल नगरपालिकाले ११ वटै वडामा बैक खाता खोल्न शिविर सञ्चालन गरेको छ । बैंक सम्म पुग्न भौगोलिक कठिनाइले सकस हुने भएपछि कृषि विकास बैंकका कर्मचारीसहित नगरपालिकाको टोलीले वडा कार्यालयमै पुगेर शिविर सञ्चालन गरेको निमित्त प्रमुख प्रशासकीय अधिकृत भरत रोकायाले मध्यान्हलाई बताए ।

यसअघि घरमै भत्ता बुझ्दै आएकी ८५ वर्षीया लक्ष्मी पटकी देवी धामीले यसपाली बैंकबाटै भत्ता बुझ्ने भएकी छन् । सरकारले बैंकबाट मात्र भत्ता दिने भएपछि गाउँलेले बोकेर उनलाई वडा कार्यालयमा आएको शिविरमा पुऱ्याएका छन् । लेखपढ गर्न नजान्ने र राम्ररी आँखा पनि नदेख्ने धामीलाई बैकमार्फत भत्ता बुझ्ने काम झन्झटिलो लागेको उनले बताइन् । बैकमा भन्दा पनि पहिलेका जसरी घरमै पुगेर दिए राम्रो हुने धामीको भनाइ छ ।

बझाङका अधिकांश लाभग्राही अहिले सामाजिक सुरक्षा भत्ता बुझ्नकै लागी कम्तिमा २ घण्टादेखि १ दिन हिँडेर बैंक पुग्ने गरेका छन् । बैक पुगेपनि चेकमा लेख्न लगाउनु पर्ने, घण्टौ लाइनमा बस्नुपर्ने, घर फर्कन गाडी कुर्नुपर्ने, बुढेसकालमा घण्टौ हिँडनुपर्ने बाध्यता रहेको ज्येष्ठ नागरिकको गुनासो छ । यसअघि सम्बन्धित वडा कार्यालयबाट घरैमा गएर सामाजिक सुरक्षा भत्ता दिँदै आएकोमा सरकारले बैंकिङ प्रणालीबाट दिन शुरू गरेपछि नागरिकहरूलाई सास्ती भएको छ । स्थानीय सरकारमार्फत सरकारले सामाजिक सुरक्षा भत्ता वितरण गरिनुपर्ने लाभग्राहीको माग छ ।

## प्रधानमन्त्रीलाई ज्ञापनपत्र

**काठमाडौं/मस**-पेट्रोलियम पदार्थको मूल्यवृद्धिविरुद्ध आन्दोलनरत ६ विद्यार्थी संगठनले प्रधानमन्त्री एवं नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवालाई ज्ञापन पत्र बुझाएका छन् । बुधबार प्रधानमन्त्रीलाई भेटेर उनीहरुले ज्ञापन बुझाएका हुन् । त्यसक्रममा विद्यार्थी संगठनहरुले पेट्रोलियम पदार्थमा अत्यधिक कर लगाइएको भन्दै कर घटाएर मूल्य घटाउन माग गरेका थिए ।

जवाफमा प्रधानमन्त्री देउवाले त्यसबारे बुझेर आवश्यक निर्णय लिने बताएको अखिल (छैठौं) का अध्यक्ष देवेन्द्र कुँवरले जानकारी दिए । पेट्रोलियम पदार्थको मूल्यवृद्धि घटाउन माग गर्दै अखिल (क्रान्तिकारी), अनेरास्ववियु, समाजवादी विद्यार्थी युनियन, वैद्य निकट अखिल क्रान्तिकारी, अखिल (छैठौं) र विप्लव निकट अखिल क्रान्तिकारीले संयुक्त आन्दोलन गरिरहेका छन् ।


## हार्दिक श्रद्धाञ्जली



जन्म मिति
वि.स. २०१८/०६/३०

स्वर्गारोहण मिति
वि.स. २०७८/०६/१९

**स्व. हुम कुमारी गुरुङ**

नेपाल वैदेशिक रोजगार व्यवसायी तमू धिंका पूर्व अध्यक्ष एवं ईमास्को नेपाल प्रा.लि.का संचालक शमसेर बहादुर गुरुङकी ममतामयी जीवनसंगिनी
**हुम कुमारी गुरुङ**
को असामयिक स्वर्गारोहण भएको हिजो ४९ औं दिनको अर्घौं (कार्य) को पुण्य तिथिमा दिवंगत आत्माको चीर शान्तिको कामना गर्दै हार्दिक श्रद्धान्जली ब्यक्त गर्दछौं । साथै यस दुःखद् घडीमा शोक सन्तप्त परिवारजनमा हार्दिक समवेदना ब्यक्त गर्दछौं ।

सीतादेवी श्रेष्ठ — प्रकाशक
मदनकुमार श्रेष्ठ — सम्पादक
तथा
मध्यान्ह दैनिक
परिवार



## यस संस्थाको गैर वित्तीय अचल सम्पत्ति लिलाम बिक्री सम्बन्धी गोप्य बोलपत्र (शिल्ड टेण्डर) आव्हान

**मध्यान्ह राष्ट्रिय दैनिकमा प्रथम पटक प्रकाशित मितिः २०७८।०८।०९**

यस संस्थाको नाममा दर्ता कायम रहेको तपसिलमा उल्लेखित गैर वित्तीय अचल सम्पत्ति जे जस्तो अवस्थामा छ सोही अवस्थामा गोप्य शिलबन्दी मार्फत लिलाम वढावढ गरी विक्री गर्न आवश्यक भएको हुनाले उक्त जग्गा सोही अवस्थामा खरिद गरि लिन ईच्छुक व्यक्ति/ फर्म/कम्पनी/संघ संस्थाले यस सूचना प्रकाशित भएको मितिले ३५ (पैंतिस) दिन भित्र कार्यालय समय भित्र यस संस्थाको केन्द्रीय कार्यालयमा आईपुग्ने गरी के कति दररेटमा उक्त जग्गा खरिद गरी लिन स्वीकार गर्नु भएको हो सो स्पष्ट रुपमा खुलाई तपसिलमा उल्लेखित शर्त एवम बन्देजहरुको अधिनमा रही गोप्य शिलवन्दी मार्फत बोलपत्र पेश गर्न हुन यो सूचना प्रकाशित गरिएको छ । उक्त अवधि भित्र पर्न आएका बोलपत्रहरु बोलपत्रदाता, प्रतिनिधि, सरकारी प्रतिनिधिहरुको रोहवरमा देहायका मिति, समय र स्थानमा खोलिने व्यहोरा समेत यसै सूचना मार्फत जानकारी गराईन्छ ।

**तपसिल**

**सम्पत्तिको विवरणः**

यस संस्थाको नाममा मालपोत कार्यालय क्रमशः साँखु र कलंकी काठमाडौंमा दर्ता श्रेस्ता कायम रहेको साबिक सात्खा हाल शंखरापुर नगरपालिका वडा नं. -३, ख स्थित कित्ता नं. २३० को क्षेत्रफल ०-११-२-० र कित्ता नं. २३६ को क्षेत्रफल ०-११-२-० र किर्तिपुर नगरपालिका वडा नं. -२, स्थित कित्ता नं. ३०७ को क्षेत्रफल ९७.५३ बर्ग मिटर जग्गा लगायत जग्गामा रहेको सम्पुर्ण लिगलगापात समेत पुरा ।

**टेन्डर खुल्ने मितिः**

**टेण्डर खोलिने मितिः** २०७८।०९।१५ गते बिहीबार **समयः** ३:०० बजे
**स्थानः** केन्द्रीय कार्यालय, जावलाखेल, ललितपुर

**शर्त बन्देजहरुः**

१. बोलपत्र आवेदन फाराम यस संस्थाको कार्यालयहरुबाट रु. ५०० (पछि फिर्ता नहुने गरी) तिरी प्राप्त गर्न सकिने छ ।
२. बोलपत्र फाराममा आफुले बोलकबुल गरेको रकम अंक र अक्षरमा स्पष्ट उल्लेख गर्नु पर्नेछ ।
३. माथि उल्लेखित गैर वित्तिय सम्पत्ती जे जस्तो अवस्था, स्थिति र परिमाणमा छ सोही अवस्था, स्थिति र परिमानका लागि मात्र बोलपत्र पेश गर्न सकिनेछ ।
४. बोलपत्र साथ आफुले कबुल गरेको रकमको कम्तीमा १० प्रतिशत रकम संस्थामा जम्मा गरेको रसिदको प्रतिलिपि पेश गर्नु पर्नेछ ।
५. बोलपत्र सरकारी प्रतिनिधिहरुको रोहवरमा यस संस्थाको केन्द्रीय कार्यालयमा खोलिने छ ।
६. बोलपत्रमा बोलपत्रदाता व्यक्ति भए नागरिकता प्रमाणपत्रको प्रतिलिपि र फर्म, कम्पनी वा संस्था भएमा दर्ता प्रमाणपत्र तथा कर दर्ता प्रमाणपत्रको प्रतिलिपी पेश गर्नुपर्ने छ ।
७. बोलपत्र खोलिने दिनमा सार्वजनिक विदा परेमा त्यसको लगत्तै कार्यालय खुलेको दिनमा सोही स्थान र समयमा बोलपत्र खोलिने छ । बोलपत्रदाता वा निजको प्रतिनिधिको उपस्थिति नभएमा पनि बोलपत्र खोल्न बाधा पर्नेछैन ।
८. माथि उल्लेखित अचल सम्पत्ति निरिक्षण गर्न चाहेमा बोलपत्र पेश गर्नु अगावै कार्यालय समय भित्र यस संस्थामा सम्पर्क राखि जे जस्तो अवस्थामा छ सोही अवस्थामा निरिक्षण गर्न सकिने छ ।
९. बोलपत्र स्वीकृति भएको सूचना पाएको मितिले ७ (सात) दिन भित्र बोलकबोल गरेको सम्पूर्ण रकम बुझाई सम्पत्ती आफ्नो नाममा नामसारी गरी लिनु पर्ने छ । सो म्याद भित्र रकम जम्मा नगर्नु भएमा बोलपत्र रद्ध भई धरौटी रकम स्वतःजफत हुनेछ ।
१०. स्वीकृत भएको बोलपत्र अनुसारको सम्पत्ति बोलपत्रदाताको नाममा नामसारी दाखिला खारेज गर्दा लाग्ने रजिष्ट्रेशन दस्तुर, कर तथा अन्य शुल्क इत्यादी बोलपत्रदाताले नै व्यहोर्नु पर्ने छ ।
११. बोलपत्र दाखिला भैसकेपछि बोलपत्रमा उल्लेखित रकम वा शर्तमा कुनै हेरफेर हुने छैन । साथै बोलपत्र स्वीकृत वा अस्वीकृत हुने टुंगो नलागेसम्म धरौटी रकम फिर्ता दिईने छैन । अस्वीकृत धरौटी रकमको ब्याज दिइने छैन ।
१२. कुनै शर्त राखी पेश गरिएको वा रित नपुगी वा म्याद नाघि पेश हुन आएको बोलपत्र स्वतः रद्ध हुनेछ ।
१३. बोलपत्र स्वीकृत वा अस्वीकृत गर्ने सम्पूर्ण अधिकार यस संस्थामा नै सुरक्षित हुनेछ ।

**कल्याण उपकार सेभिङ्ग एण्ड क्रेडिट को-अपरेटिभ लि.**
**Kalyan Upakar Saving & Credit Co-Operative Ltd.**
केन्द्रीय कार्यालयः जावलाखेल-१३, ललितपुर, फोन नं. ५४५५६४६, ५४५५९१५
सेवा केन्द्रहरुः गोंगबु-९, काठमाण्डौ, नयाँबानेश्वर-३४, काठमाण्डौ, कमलविनायक-४, भक्तपुर
साविक कल्याण से.ए.कं. लि. को-अप. लि. ललितपुर र उपकार से.ए.के. को-अपरेटिभ लि., काठमाण्डौं एकिकरण भएको संस्था

## सम्पादकीय

### नेतृत्वको संकट

राजनीतिक सुद्धिकरणको बहस नेपालमा संभवतः अरू कुनै क्षेत्र भन्दा धेरै भएको छ । आधुनिक राज्य निर्माणको प्रक्रियासँगै राजनीतिक सुद्धिकरणको बहस पनि बढेर गएको थियो । पृथ्वीनारायण शाहको राज्य एकीकरण पछि यो बहस झनै सघन बन्यो । राज्यले मूर्त रूप लिएकाले पनि यसको राजनीतिक सुद्धिकरणको मुद्दा प्रमुख बन्यो । राज्य निर्माणको आवश्यकता नपरेपछि कायम भएको राज्यमा थिति बसाल्न पनि यो मुद्दा आवश्यक परेको थियो । तर राजनीतिक सुद्धिकरणको प्रक्रिया सधैं अग्रगामी मात्रै बनेन । निरंकुश शासक उदयको साधन समेत बन्न पुग्यो । भीमसेना थापा, जंगबहादुर राणा त्यसैको उदाहरण हुन् । कतिपय अवस्थामा राजनीतिक सुद्धिकरण गर्न व्यवस्था परिवर्तनकै आवाज उठ्यो र व्यवस्था परिवर्तन पनि भयो ।

राजाबाट राणा शासनको उदय राजनीतिक उतारचढाबकै परिणाम थियो । राणाशासनको उदयसँगै राजा खोपीमा बस्न पुगे भने जनता दमित हुन पुगे । राणाहरूले मुलुक नागरिकको वर्गीकरण मात्रै गरेन, आफ्नै भाइभारदारहरूमा पनि वर्गीकरण गरे । त्यो वर्गीकरण समयान्तरमा विभेदको कारक पनि बन्यो । राणाशासनबाट मुक्त हुने चाहना पनि राजनीतिक सुद्धिकरणकै परिणाम थियो । २००७ सालमा राणाशासनको अन्त्य भयो । तर जनताको शासन शुरू भएन । २०१७ सालमा फेरि महेन्द्रले पञ्चायती व्यवस्था लागू गरे । यो व्यवस्था ३० वर्ष चल्यो । फेरि बहुदलीय व्यवस्था आयो, राजतन्त्र संवैधानिक बने । २०६२ को क्रान्तिले २४० वर्षे राजतन्त्र अन्त्य गरिदियो । मुलुक गणतन्त्रमा प्रवेश गऱ्यो ।

तर गणतन्त्र पनि समस्या रहित बन्न सकेको छैन । विशेषगरी समाजको वास्तविक प्रतिविम्व राजनीतिक नेतृत्वमा देखिन सकेको छैन । मुलुकको कुल ग्राहस्थ उत्पादनमा बढी योगदान दिने आर्थिक उमेर समूहको जनसंख्या नेपालमा ठूलो संख्यामा छ । तर मुलुक भने अल्पसंख्यक उमेर समूहबाट चलिरहेको छ । राजनीतिक नेतृत्वमा युवा बहस नयाँ होइन । समावेशी प्रतिनिधित्वको आवाज पछिल्लो केही दशक यता चर्कोगरी उठेको छ । तर नेतृत्वमा भने एउटै समुदाय र प्रौढहरू हाबी हुन पुगेका छन् । अहिले प्रमुख राजनीतिक दलहरू महाधिवेशनमा केन्द्रीत भएका छन् । तर लगभग कुनैपनि दलका प्रमुख नेतृत्व हस्तान्तरण गर्न तयार देखिएका छैनन् । अतः इतिहासको प्रवृत्ति मसिनोगरी अध्ययन गर्ने हो भने अब विद्यमान प्रवृत्तिमाथि हस्तक्षेपकै अवस्था आउने खतरा देखिन्छ । तर त्यसअघि नेतृत्वले विवेक पुऱ्याए भने त्यो दुर्घटना नआउन पनि सक्छ ।



**अष्टलक्ष्मी शाक्य**, उपाध्यक्ष, नेकपा (एमाले)

# ‘गुटगत राजनीतिको अन्त्य गर्न सबैको प्रतिबद्धता चाहिन्छ’

अहिले सबैको ध्यान एमालेको महाधिवेशन तर्फ तानिएको छ । महाधिवेशनबाट नेतृत्वमा को–को आउला भन्ने चासो सबैलाई छ । विशेषतः महाधिवेशनबाट अध्यक्ष, वरिष्ठ उपाध्यक्ष, उपाध्यक्षहरु र महासचिवको पदमा को छानिएला भन्ने विषय चासोमा छ । महाधिवेशनको समय नजिकिँदै जाँदा उम्मेदवारी क्रमिक रुपमा घोषणा पनि हुन थालेका छन् । पार्टी अध्यक्षमा हालका अध्यक्ष केपी शर्मा ओली नै उठ्ने तयारी गरिरहेका बेला नेता भीम रावलले दाबेदारी प्रस्तुत गरेका छन् । रावलको दाबेदाबीसँगै एमालेमा थप महाधिवेशनको रौनक बढेको देखिन्छ । साथै एमालेमा गुटगत निर्वाचन हुन्छ कि भन्ने सम्भावना पनि बढेको देखिन्छ । हामीले एमालेभित्रको गुटगत राजनीति र रावलको घोषणालाई लिएर नेतृ अष्टलक्ष्मी शाक्यसँग केही जिज्ञासा राखेका छौं । नेतृ शाक्यसँग गरिएको कुराकानीको सम्पादित अंश :

**भीम रावलले आगामी अध्यक्षको लागि उम्मेदवारी घोषणा गर्नुभएको छ । तपाईंसमेत सहभागी भएको समूहको प्रतिनिधित्व गर्ने रावलको घोषणालाई कसरी बुझ्ने ?**

नेतृत्वमा आउन चाहना राख्ने कुरा स्वभाविक हो । उहाँले उम्मेदवारी दिएको विषयलाई स्वभाविक नै लिउँ । योग्यता पुगेको, मापदण्ड पुगेको सबै उठ्न पाउँछ । यो व्यक्तिगत स्वतन्त्रता हो । तथापी मलाई उहाँले हतारो गरेर उम्मेदवारी घोषणा नगरेको भए हुने थियो भन्ने लागेको छ । सबैसँग छलफल र सरसल्लाह गरेको भए उपयुक्त हुन्थ्यो भन्ने मेरो सुझाब छ ।

भनेपछि रावलको उम्मदेवारी तपाईंहरुको प्यानलगत उम्मेदवारी होइन ? के उहाँले समूहमा छलफल नगरी उम्मेदवारी दिनुभएको हो ?

हिजो हामीले प्यानलको अभ्यास गऱ्यौं । जसले एमाले साँच्चिकै एक हुन सकेन । हामी बिग्रियौं । गुट बलियो भयो तर, पार्टी बलियो भएन । मेरो प्रष्ट कुरा, अहिले एमाले गुट मुक्त हुनुपर्छ । एमाले एकढिक्का हुनुपर्छ । मुलुकको नेतृत्व हाँक्ने पार्टी यसरी खण्डित हुनुहुँदैन् । रावल जिले दिएको उम्मेदवारी पार्टीभित्र सल्लाह गरि दिइएको हो । उहाँले उम्मेदवारी घोषणाले पार्टीभित्र फेरि अर्को गुट जन्माउने खतरा छ । जुन उचित छैन ।

**तपाईंहरू १० बुँदे सहमति गर्दै एमालेमा आउनु भएको हो । तपाईंकै भाषाअनुसार रावलको उम्मेदवारी एकल हो । यसलाई हेर्दा तपाईंहरूको समूह विभाजित वा खण्डित भएको हो ?**

हाम्रो समूह विभाजित भयो भनेर भन्न मिल्दैन् । हामी सबैलाई एकताबद्ध बनाउन पर्छ भनेर लागेका



> गुट बनाएर, पार्टी विभाजन गरेर न व्यक्तिको राजनीतिक भविष्य रहन्छ नत पार्टीको । ०५४ सालमा वामदेव कमरेडले पार्टी फुटाउँदा पनि मैंले विरोध गरेकै हो, अहिले माधव जीले पार्टी फुटाउँदा मैंले ठिक गर्नुभयो भन्ने कुरा हुन सक्दैन् । फुटले कसैको भलो हुँदैन् । नमिलेका कुरा छ भने पार्टीभित्रै संघर्ष गरेर मिलाउने हो ।

छौं । यो कुनै व्यक्तिको विषय होइन्, यो सिंगो एमालेको विषय हो । हाम्रो समूह पनि एकताबद्ध हुनुपर्छ र अरुलाई पनि विभाजित बनाउन हुँदैन । उम्मेदवारी दिने सन्दर्भमा कुनै एक समूहमा मात्रै होइन समग्र पार्टीभित्र छलफल हुनुपर्छ । सबैलाई समेट्नुपर्छ । विभाजित भएर पार्टी बन्दैन । पार्टी नबनेको हामीले व्यहोर्दै आएका छौं ।

०५४ मा वामदेवले पार्टी फुटाउनुभयो निकै ठुलो नोक्सान भयो, अहिले माधव जीले पार्टी फुटाउनु भयो । कुन अवस्थामा छौं, सबैलाई थाहा छ । कम्युनिष्टहरु गुट र फुटको पक्षमा लाग्नुहुँदैन् । यो सुहाउँदैन ।

**तपाईंले गुटगत राजनीतिलाई गलत भनिरहँदा महाधिवेशन प्रतिनिधि चयनको विषयमा निकै गुटगत राजनीति देखियो । तपाईंहरूले प्रतिनिधित्व गर्ने समूहले स्थान नै पाएन । अनि कसरी महाधिवेशनबाट गुट अन्त्य होला ?**

पहिलो कुरा, म सीमित भएर बस्न चाहन्न । नेकपा (एमाले) भनेर आइसकेपछि म गुट बलियो होइन, एमाले बलियो बनाउन चाहन्छु । म मेरो समूह भएर सीमित भएर बस्न चाहन्न । जुन इमान्दार छ, जो लगनशील छ, जो पार्टी भनेर लागेको छ, जो जिम्मेवारी लिन योग्य छ, त्यस्ता व्यक्तिलाई जिम्मेवारी दिने वा नदिने ? प्रश्न यहाँ हो । म यो विषयमा खुलस्त छु । म यो विषयमा कुनै गुट भनेर हेर्दिन । तपाईंले भने झैं केही ठाउँमा त्यस्ता समस्या देखियो, जसलाई समाधान गर्नु अनिवार्य छ । तर, समाधान फेरि गुटगत राजनीति गरेर हुने होइन ।

**तपाईंको भावनाप्रति सबैले सायद सम्मान र कदर नै गर्लान् । तर, एमालेभित्रको अभ्यास गुटगत राजनीतिबाट उन्मुक्त हुने खालको छ र ?**

हामी सकारात्मक भएर सोंच्नु पर्छ । गुट बनाएर, पार्टी विभाजन गरेर न व्यक्तिको राजनीतिक भविष्य रहन्छ नत पार्टीको । ०५४ सालमा वामदेव कमरेडले पार्टी फुटाउँदा पनि मैंले विरोध गरेकै हो, अहिले माधव जीले पार्टी फुटाउँदा मैंले ठिक गर्नुभयो भन्ने कुरा हुन सक्दैन् । फुटले कसैको भलो हुँदैन् । नमिलेका कुरा छ भने पार्टीभित्रै संघर्ष गरेर मिलाउने हो । एउटा परिवारमा त कति गाह्रो हुन्छ, मिलेर बस्न । पार्टीभित्र सजिलो हुने कुरा भएन । त्यसकारण गुटगत राजनीतिकको शैलीलाई अन्त्य गर्न सबैले प्रतिबद्धता जनाउनुपर्छ । त्यसको विकल्प छैन् ।

**फरक प्रसंगमा, एमालेको इतिहासमा महिलाको हिसाबले केही निश्चित पात्र मात्रै अगाडि आएको देखिन्छ । तपाईं जुन अवस्थामा हुनुहुन्छ, अब तपाईं कसरी अगाडि बढ्नुहुन्छ भनेर धेरैले प्रश्न गर्छन् । तपाईंको उम्मेदवारी केमा हुन्छ ? तपाईं उपाध्यक्ष भइसकेको मान्छे तलतिर आउने कुरा हुन्न होला ?**

